# कानूनमन्त्रालयको सूचना

जनप्रतिनिधित्व ऐनको दफा १९ ले दिएको अधिकार प्रयोग गर्दै सरकारले निर्वाचन कमिशनको राय लिई निम्नलिखित नियम बनाएको छ।

## भाग १

१. छोटकरी नाम र लागू हुने समय :—

[१] यस नियमको नाम जनप्रतिनिधित्व [ मताधिकारीको नामावली तयारीको ] नियम [२००८ साल ]भन्ने रहेको छ।

[२] यो नियम जारी हुनासाथ लागू हुनेछ।

२ परिभाषा — प्रसङ्गअनुसार अर्को अर्थ गर्नु नपरेमा यो नियममा निम्नलिखित शब्दको यहाँ दिएबमोजिम अर्थ गर्नू।

[ क ] निर्वाचनक्षेत्रको भाने—जनप्रतिनिधित्व ऐनको दफा ४ अनुसार तोकिएको निर्वाचनक्षेत्र।

[ख ] नामावली दोहोऱ्याउने अफिसर :— कुनै निर्वाचनक्षेत्रको मताधिकारीको नामावली दोहोऱ्याउन र यससम्बन्धमा अरु तोकिएको काम गर्न अखतियार पाएका अफिसर।

## भाग २

## मताधिकारीको नामावलीको तयारी

३. मताधिकारीको नामावली:— हरेक निर्वाचनक्षेत्रको निमित्त एउटा मताधिकारीको नामावली तयार गरिनेछ। जसमा जनप्रतिनिधित्व ऐनअनुसार दर्ता गर्न योग्य देखिएका व्यक्तिको नाम दर्ता गरिनेछ। नाम छुट भएकालाई नाम दर्ता गराउने र दर्ता गर्न नहुने कसैको नाम वा कसैको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

बारेमा केही बेहोरा दर्ता भएको भए त्यसको विरोध गर्ने मरेका दिन लेखिएको नामावली प्रकाश गरिनेछ। त्यसको साथसाथै नाम दर्ता गराइमाग्न वा कटाइमाग्न वा दर्ता भएको केही बेहोरा सच्याइमाग्न यो रीतले र यति समयभित्र दाबी वा विरोधपत्र पेश गर्नू भन्ने सूचना पनि प्रकाश गरिनेछ।

## नाम दर्ता गर्ने साधारण अवस्था

४. जनप्रतिनिधित्व ऐन ( २००८ साल ) अनुसार जसजसको नाम नामावलीमा दर्ता गर्न योग्य हुन्छ, तिनतिनले आफ्नो नाम दर्ता गराउन पाउनेछ ।

## ज.प्र. ऐन ( २००८ साल) को दफा १२ (५) बमोजिम बयान माग्ने सूचना

५. ज.प्र. ऐन ( २००८ साल ) बमोजिम पहिलापटक नामावली तयार पार्दा यो नियम लागू हुनासाथ र पछिपछि तयार पार्दा सो तयार गर्न सुरू नगर्दै हरेक जिल्ला, गौंडा, गडीका बडाहाकिम र निर्वाचन कमिशनले यस कामको निमित्त खटाएका अफिसरले यो नियमसाथ दिएको फाराम नं. १ मा दिएबमोजिम सूचना प्रकाश गर्नू र सो सूचना निर्वाचन कमिशनले तोकेको रीतपूर्वक र तोकेको ठाउँमा प्रकाश गर्नू र मागेको बेहोरा पेश गर्ने र कमसेकम २१ दिनको म्याद दिनू।

## निर्वाचनक्षेत्रलाई निर्वाचन इलाकामा विभाजन

६. नामावली रजिष्ट्रेशन अफिसरले आफू खटिएको निर्वाचनक्षेत्रलाई नामावली तयार पार्ने सजिलो गर्नको निमित्त विभिन्न इलाकामा बाँड्न सक्नेछन् ।

१६९-13 अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## जन्ममरणको खातामा प्रवेश

७. नामावली तयार पार्ने वा कुनै नामावलीबारे आएको दाबी वा विरोधपत्रको निर्णय गर्ने नामावली रजिष्ट्रेशन अफिसर वा निजले जनप्रतिनिधित्व ऐन (२००८ साल) को दफा १४(२) अनुसार खटाएका व्यक्ति वा नामावली दोहोऱ्याउन अखतियार पाएका अफिसरले प्रचलित ऐनबमोजिम राखिएको कुनै जन्म मरणको खाता हेर्न वा त्यसमा भएको बेहोराबारे सो खाता राख्ने अफिसरसँग सोधपुछ गर्न सक्नेछन् र त्यस्ता अफिसरले पनि सोधेको कुरामा यथार्थ उत्तर दिनपर्नेछ ।

## नामावलीको मसौदाको प्रकाशन

८. हरेक निर्वाचनक्षेत्रको मतदाताको नामावलीको मसौदा नामावली रजिष्ट्रेशन अफिसरले निर्वाचन कमिशनले तोकेको रीतपूर्वक र तोकेका ठाउँमा प्रकाश गर्नू ।

९. (१) दफा ८ बमोजिम नामावली प्रकाशन हुनाको साथसाथै सो नामावलीमा नाम छुट भएकालाई आफ्नु नाम दर्ता गराउनु वा सो नामावलीमा कसैको केही विरोध गर्नुपर्ने भए सो गर्ने मौका दिन फाराम ३ अनुसार सूचना प्रकाश हुनेछ । सो सूचनामा हरेक निर्वाचनक्षेत्र वा इलाकाको नामावली दोहोऱ्याउने अफिसर र दाबी वा विरोधपत्र पेश गर्ने ठाउँ र समय तोकिनेछ ।

(२) नामावली प्रकाश भएको २१ दिनभित्र हरेक दाबी वा विरोधपत्र फाराम नं. ४ वा नं. ५ मध्ये दरखास्तवालालाई जो मिल्छ, सो मा दफा १० अनुसार पेश गर्नुपर्छ । लेखिएको समय निर्वाचन कमिशनले कुनै निर्वाचनक्षेत्र वा निर्वाचनक्षेत्रको कुनै भागको निमित्त बढाउन सक्नेछ । यसरी बढाएकोमा गजेटमा सूचना प्रकाश हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

१९८२

(३) दाबी वा विरोधपत्र उपदफा (१) मा भनिएको नामावली दोहोऱ्याउने अफिसरलाई लेखिएको हुनुपर्छ र नामावली रजिष्ट्रेशन अफिसर वा यस सम्बन्धमा निर्वाचन कमिशनले तोकेका अफिसरमार्फत पेश हुनु वा हुलाकद्वारा तोकेको समयभित्र पुग्ने गरी नामावली दोहोऱ्याउने अफिसरलाई पठाउनुपर्छ ।

(४) उपदफा [२] मा तोकिएको समय नघाएर वा समयभित्रै पनि यस नियममा तोकेबाहेक अरू तरीकाले पेश गरेको दाबीपत्र रद्दी गरिनेछ ।

## दाबी र विरोधपत्रको बेहोरा

१०. (१) दाबीपत्र पठाउनेले सो पत्रमा सहि गरी आफैंले वा आफ्ना वारीसद्वारा बुझाउनुपर्छ वा हुलाकद्वारा पठाउनुपर्छ ।

(२) नामावलीमा दर्ता भएको कसैको नाम वा दर्ता भएको केही बेहोरा कटाइमाग्दा विरोधपत्रमा यस्ता व्यक्तिको बारेमा नामावलीमा दर्ता भएको सबै बेहोरा खुलाई लेख्नुपर्छ ।

(३) आफ्नु नाम मतदाताको नामावलीमा दर्ता नभएका कसैले पनि उपदफा [२] मा लेखिएको विरोधपत्र पेश गर्न पाउनेछैन ।

(४) एक निर्वाचनक्षेत्रको नामावलीबाट अर्को निर्वाचनक्षेत्रको नामावलीमा नाम सारिपाऊँ भन्ने दर्खास्त लिइनेछैन । कसैलाई आफ्नु नाम सार्नुपरेमा दर्ता भएको निर्वाचनक्षेत्रमा नाम कटाउन विरोधपत्र पेश गर्नु र दर्ता गर्न चाहेको निर्वाचनक्षेत्रमा दाबीपत्र पेश गर्नू ।

[५] जनप्रतिनिधित्व ऐन [२००८ साल] को दफा १२ [४] मा लेखिएका व्यक्तिहरूले आफू बासिन्दा हुने निर्वाचनक्षेत्रमा नाम दर्ता गराइमाग्न दावीपत्र पेश गर्दा फाराम २ मा गर्नू ।

११. [१] नामावली रजिष्ट्रेशन अफिसरले दफा ६ को उपदफा (२) मा तोकिएको समयभित्र तोकिएका नामावली दोहोऱ्याउने अफिसरलाई जनप्रतिनिधित्व ऐन ( २००८ साल ) को दफा १२ को उपदफा [३], [४] र

१६२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[१] लागू हुने व्यक्तिहरूको नाम मतदाताको नामावलीमा दर्ता गर्ने वा सोबाट हटाउन रिपोट पठाउन सक्तछन् ।

[२] नामावली रजिष्ट्रेशन अफिसरले नामावली ठीक र पूरा गर्न त्यसमा भएको आवश्यक मूलसुधार गर्न [ दोहोरिएको नाम सच्याउने, मरेका वा ऐन मुताबिक मत दिन अयोग्य भएकाको नाम कटाउने, इत्यादि ] उपदफा [१] बमोजिम रिपोट दिनू ।

[३] नामावली दोहोऱ्याउने अफिसरले माथि उपदफा [१], [२] मा लेखिएको रिपोट पाएपछि जसजसको बारेमा जेजे गराइमाग्न रिपोटमा लेखिएको छ, तिनतिनलाई रिपोटको बेहोराको र केही उजूर भए फलानो दिन र समयमा फलानो ठाउँमा सो उजूर सुनिनेछ भनी सूचना दिनू ।

तर नामावली दोहोऱ्याउने अफिसरलाई रिपोटको बेहोरा मुनासीब लागे वा लेखनदासको वा छापाको मूलसुधार मागेकोमा सूचना दिनुपर्ने छैन। नामावलीमा कसको नाम दर्ता गराइमाग्न रिपोट आएमा निजलाई सूचना पठाउनुपर्नेछैन। केवल लेखिएको अफिसरको अड्डामा प्रमुख ठाउँमा सो सूचना टाँसे पुग्छ ।

१२. नामावली दोहोऱ्याउने अफिसर, नामावली रजिष्ट्रेशन अफिसर वा दफा ६[३] अनुसार सो काम गर्न अख्तियार पाएका अफिसरले दाबी र विरोधपत्रको लगतकिताब खडा गरी राख्नू।

१३. नामावली दोहोऱ्याउने अफिसरले निजकहाँ म्यादभित्र आएको दाबी वा विरोधपत्रको बेहोरा मुनासीब लागेमा बाहेक अरू अवस्थामा जसजसको दाबी वा विरोधपत्र आएको छ, उस वा उसका वारिसलाई दाबीको भए फाराम नं ४ [भाग २] मा, विरोधको भए फाराम नं ५ [ भाग २ ] र [ भाग ३] मा सूचनामा तोकिएको ठाउँ र समयमा आफूसँग भएको सबूत प्रमाण ली आउनू भनी सूचना पठाउनू।

१४. दफा १३ मा लेखिएको सूचना जसको नाममा निकालेको हो। निजको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हातैमा बुझाउनू वा सो गर्न नसके हुलाकद्वारा रजिष्टरी गरी पठाउनू वा ऐनसवालको रीत पुऱ्याई निजको घरमा टाँस गर्नू ।

१५. नामावली दोहोऱ्याउने अफिसरले दाबी वा विरोधपत्रमा ठाउँ बुझ्नू र फैसला गर्नू। नामावली रजिष्ट्रेशन अफिसरले दफा ११ को उपदफा [१] र [२] मुताबिक पठाएको रिपोटउपर पनि पेश भएको मौलिक वा लिखित प्रमाण विचार गरी निर्णय गर्नू ।

१६. नामावली दोहोऱ्याउने अफिसरको निर्णय अन्तिम हुनेछ। निजले सबै निर्णय नामावली रजिष्ट्रेशन अफिसरलाई लेखी पठाउनू र नामावली रजिष्ट्रेशन अफिसरले पनि सोहीमुताविक नामाबलीमा आवश्यक संशोधन गर्नू गराउनू ।

(२) नामावलीमा कतै लेखाई वा छपाइको भूल देखेमा नामावली दोहोऱ्याउने अफिसरले सो पनि सच्याउन निज अफिसरलाई लेख्नू ।

१७. दफा १६ बमोजिम सच्याएको नामावली दफा ८ मा लेखिएको रीतले अन्तिमतवरले फेरि प्रकाश गर्नू। ज. प्र. ऐन (२००८साल) बमोजिम तयार भएको पहिलो नामावली भए यसरी प्रकाश हुनासाथ लागू हुनेछ। सोपछि तयार भएको नामावली अन्तिम तवरले प्रकाश गरेपछि आउने भाद्र १ गतेदेखि लागू हुनेछ ।

१८. (१) निर्वाचन कमिशनले जनप्रतिनिधित्व ऐन (२००८ साल) को दफा १८ (क) अनुसार कुनै निर्वाचनक्षेत्रको मताधिकारीको नामावली दोहोऱ्याउने आदेश गरेमा सो नामावलीमा गर्नुपर्ने थपघट संशोधन गर्नुपर्ने नामको बेग्लै फेहरिस्त बनाउनू ।

सो फेहरिस्त बनाउँदा पनि यी नियमहरूको दफादफामुताबिक गर्नू।

तर निर्वाचन कमिशनले यस नियमसाथको कुनै फारामको बेहोरामा केही अदलबदल गर्नुपर्ने सो गर्न आदेश दिन सक्नेछ ।

९६३-B आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

( २ ) कुनै निर्वाचनक्षत्रको नामावलीमा नाम दर्ता गराउन योग्यता पुगेको, तर लागू भएको नामवलीमा नाम दर्ता नभएको कुनै व्यक्तिले नामावली अन्तिम तवरले प्रकाशित भैसकेपछि सो निर्वाचनक्षेत्रलाई सदस्य छान्नू भन्ने सूचना ननिर्किदै नामावलीमा आफ्नो नाम दर्ता गराइपाऊँ भनी निर्वाचन कमिशनमा दस्तूर रु.२० साथ दर्खास्त पठाउन पाउनेछ। यस्तो दर्खास्त आएमा निर्वाचन कमिशनले बुझ्ने आवश्यक कुरा बुझी निजको नाम दर्ता गर्न हुने ठहराए सो गराउनेछ। तर दाखिल गरेको रु, २० नाम दर्ता भए वा नभए पनि फिर्ता हुनेछैन।

( ३ ) उपदफा ( १ ) वा [ २ ] अनुसार कारवाई भएमा सो भैसकेपछिको नामावली अन्तिम ठहरिनेछ।

१९. ( १ ) जनप्रतिनिधित्व ऐन (२००८ साल) को दफा ८ ( २ ) अनुसार मताधिकारीको नामावलीबाट कसैको नाम काटिएपछि निजको अयोग्यता हटेमा निजको नाम फेरि सो नामावलीमा दर्ता हुनेछ।

( २ ) नामावली रजिष्ट्रेशन अफिसरले जनप्रतिनिधित्व ऐन [२००८ साल] को दफा ८ [२] बमोजिम वा उपदफा [१] बमोजिम नामावली-को आवश्यक प्रतिमा सो नाम कटाउनु वा दर्ता गराउनू। हरेक संशोधन गरेको ठाउँमा सो गर्ने अफिसरको सहि र गरेको मिति हुनुपर्छ।

२० [ १ ] यो नियमबमोजिम बनेको पहिला नामावली दफा १७ अनुसार अन्तिम तवरले प्रकाश भैसकेपछि जनप्रतिनिधित्व ऐन [२००८साल ]को दफा १६ अनुसार पछिपछि नामावली बनाउनुपर्दा निर्वाचन कमिशनले लागू भैरहेको नामावलीमा थपघट गर्नुपर्ने मात्र नामको फेह-रिस्त सोही नियमको दफादफामुताबिक तयार गर्न लाउन सक्नेछ।

[२] उपदफा [१] मुताबिक फेहरिस्त तयार भएपछि लागू भएको ना-मावलीसाथ सो पनि दफा ८ अनुसार प्रकाश गर्नू र दफा १ देखि दफा १७ सम्मको सबै रीत पूरा गर्नू।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

[ ३ ] फेहरिस्त तयार गरेमा सबै नामावली छाप्न जरुरत हुनेछैन । तर निर्वाचन कमिशनले मुनासिब ठहराएमा सबै नामावली छपाए हुन्छ ।

२१. [ १ ] हरेक निर्वाचनक्षेत्रको नामावलीको मसौदा १ प्रति र दफा ५ को कारवाईबाट सो निर्वाचनक्षेत्रको नामावली रजिष्ट्रेशन अफिसरकहाँ पेश भएको सबै कागज निज अफिसरको अड्डा वा सरकारले तोकेको ठाउँमा १ वर्ष वा सोभन्दा बढी जति समय तोकिन्छ राख्नू ।

[ २ ] मसौदाबारे भएको दाबी र विरोधपत्र र नामावली दोहोर्‍याउने अफिसरले गरेको निर्णयको सबै कागज पनि अर्को वर्ष नामावली तयार पार्ने काम पूरा नभएसम्म उपदफा [ १ ] मा लेखिएबमोजिम राख्नू ।

[ ३ ] सरकारले तोकेजति अन्तिम नामावलीको प्रति अर्को अन्तिम नामावली प्रकाश नभएसम्म उपदफा [ १ ] मा लेखिएबमोजिम राख्नू ।

[ ४ ] हरेक निर्वाचनक्षेत्रको अन्तिम नामावलीको १ प्रति सरकारले तोकेको ठाउँमा राख्नू ।

[ ५ ] उपदफा [ ३ ] र [ ४ ] मुताबिक राखेको हरेक नामावलीमा जुन निर्वाचनक्षेत्रको हो, सो को नामावली रजिष्ट्रेशन अफिसरले सहि गरेको हुनुपर्छ ।

[ ६ ] अन्तिम नामावलीको बाँकी प्रति सरकारले तोकेको अफिसरको जिम्मामा राख्नु र जगेडा जति प्रति अर्को नामावली प्रकाशित नभएसम्म सर्वसाधारणलाई सरकारले तोकेको मोलमा बेच्न हुन्छ । त्यसपछि बचेको प्रति तोकिएबमोजिम गर्नू ।

[ ७ ] उपदफा [ १ ], [ २ ] र [ ३ ] मा लेखिएका कागज हरेक व्यक्तिले हेर्न पाउनेछ र ऐनबमोजिमको दस्तुर तिरी नक्कल लिन पाउनेछन् ।

१६४ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फाराम नं. १

# सूचना

यस जिल्लामा विधानपरिषद्को निर्वाचनक्षेत्रको मताधिकारीको नामावली तयार पार्ने हरेक जङ्गी जवान वा अफिसर वा श्री ५ महाराजाधिराजबाट जन-प्रतिनिधित्व ऐन [ २००८ साल ] को दफा १२ [ ४ ] लाग्ने भनी घोषणा गरिबक्सेको व्यक्ति नेपाल सरकारका मातहत नेपालबाहिर कुनै पदमा बहाल भएका व्यक्ति वा निजको साथ रहने निजको स्त्रीले यस जिल्लाको कुनै निर्वाचनक्षेत्र [ वा केन्द्र ] को मताधिकारीको नामावलीमा नाम दर्ता गराउन चाहे फाराम नं. २ मा सरोकार वाला अफिसरमार्फत सो निर्वाचनक्षेत्रको नामावली रजिष्ट्रेशन अफिसर कहाँ भन्दा अगावै दरखास्त पठाउनू।

ठेगाना……… सहि … … … …

मिति……… का बडाहाकिम वा …

---

नोट :— फाराम नं. २ को प्रति मागेमा गोस्वारा वा तोकिएका नामावली रजिष्ट्रेशन अफिसरकहाँ बिनामोलमा पाइनेछ ।

—०—

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९६५

फाराम नं. २

...... फलानाको छोरा । स्त्री । छोरी — ठाउँमा

जङ्गीमा खटिएको
या फलानाकोपदमा बहाल भएको
काममा लगाइएको

म फलानो हाल यो नोकरीमा नभएको फलानो टोल .................. फलानो गाउँ, फलानो प्रगन्ना वा थुम फलाना जिल्लाको बासिन्दा हुने थिएँ। म नेपालको नागरिक हूँ र तोकिएको मितिमा म २१ वर्षभन्दा कम उमेर छैन र मेरी स्त्री ... फलानी तोकिएको समयभित्र साधारणतया मसँगै बसीन र उनी पनि नेपालको नागरिक हुँन् र तोकिएको मितिमा २१ वर्षभन्दा कम उमेर छैन।

माथि लेखिएको बेहोरा साँचो हो,

ठेगाना...

सहि...

मिति...

माथि लेखिएको बेहोरा साँचो हो भनी सहि गर्ने सहि

पल्टनको अफिसर

अड्डाको हाकिम

राजदूत वा कन्सल

ठेगाना —

मिति —

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फाराम नं. ३

# सूचना

.. .. .. .. .. .. - निर्वाचनक्षेत्र [केन्द्र] को नामावली ।

माथि लेखिएको नामावलीको यस भागका मतदाताको मसौदा सूची सर्वसाधारणको सूचनाको लागि प्रकाशित गरिएको छ । यस नामावलीमा नाम दर्ता गराइमाग्नेले फाराम नं ४ मा, र दर्ता भएको कुनै नाम कटाइमाग्नेले फाराम नं ५ मा .. .. .. .. भन्दा अगावै दरखास्त दिनू । लेखिएका दरखास्त फलाना .. .. .. .. नामावली दोहोऱ्याउने अफिसरछेउ .. .. .. .. फलानो ठाउँमा पठाउनुपर्छ ।

दाबी वा विरोधपत्र यस सूचनामा तोकिएका नामावली दोहोऱ्याउने अफिसरलाई लेखिनुपर्छ र निजकहाँ सीधै वा मार्फत मानिस वा हुलाक द्वारा .. .. .. भन्दा अगाडि पुग्ने गरी पठाउनुपर्छ ।

सहि .. .. .. .. .. .. .. ..

नामावली रजिष्ट्रेशन अफिसर

ठेगाना .. .. .. .. .. .. .. ..

मिति .. .. .. .. .. .. .. .. ..

———०———

मुद्रण विभाग, नेपाल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फाराम नं. ४

# भाग १

मतदाताको नामावलीमा नाम दर्ता गराइमाग्ने दावीपत्र.

| निर्वाचन केन्द्र विधानपरिषद्को निर्वाचनक्षेत्र जिल्ला प्रगन्ना गाउ टोल थुम, दरा, गर्खा को नामावलीमा नाम दर्ता गराइमागने दाबीपत्र । | दर्खास्तवालाले भर्नें | दाबीपत्र नं. दाखिलामिति सुनवाइ इत्यादिको मिति | अड्डाले भर्नें |
|---|---|---|---|

| १ | २ | ३ | ४ |
|---|---|---|---|
| दर्खास्तवालाको, ऐको बाबुको नाम र पूरा ठेगाना | दाबाको बेहोरा | कलम[२]को बेहोराको प्रमाणपत्रहरु | |
| | दर्खास्तवाला नेपालको नागरिक हो । - - सालको - - - मैन्हाको १ गते २१ वर्षभन्दा कम उमेर थिएन - मा शुरु हुने - खतम हुने तोकिएको मितिभित्र कमसेकम १८० दिन फलानो ठाउँमा साधारणतया बसेको छ । निजले अरु कुनै नामावलीमा कुनै अर्को ठेगानाबाट विधान परिषद्को निर्वाचनक्षेत्रको नामावलीमा नाम दर्ता गराउन दर्खास्त दिएको वा नाम दर्ता भएको छैन। | सकल वा नक्कल<br>(१)<br>(२)<br>(३) | |

१९६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

माथिको बेहोरा साँचो हो भनी सहिछाप गर्ने

मिति -   दर्खास्तवालाको सहिछाप

वा

निजको वारिसको सहिछाप

वारिसको ठेगाना

नोट- यसमा कसैले झुट्टा बेहोरा लेखेमा ऐनबमोजिम सजाय हुनेछ

—०—

फाराम नं. ४, भाग २

## सूचना

| दरखास्तवालाले भर्ने | | अड्डाले भर्ने |
|---|---|---|
| दरखास्तवालाको नाम लाई<br>ऐ को बाबुको नाम<br>ऐ को पूरा ठेगाना<br>———————, | —जिल्ला———<br>प्रगन्ना<br>थुम, द्रा, गर्खा<br>गाउँ<br>टोलको मताधिकारीको नामावलीमा नाम दर्ता गराइमाग्न तपाईंको दावीपत्र नं. बारे | तपाईंको विरोधको ठाउँमा बजे साल गतेमा सुनवाइहुन्छ र भएको सबूत प्रमाण ली सुनवाइ हुने दिन हाजिर हुनुहोला ।<br>नामावली दोहराउने अफिसर<br>मिति<br>स्थान |

—०—

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

फाराम नं. ५

# भाग १

## मतदाताको नाम दर्ताबारे विरोधपत्र

| निर्वाचन केन्द्रको मताधिकारीको नामावलीमा दर्ता नं. को जिल्ला प्रगन्ना गाउँ टोल बुम. दरा. गर्ना, बारे विरोधपत्र | | दर्खास्तवालाले भर्नें | विरोध नं. दाखिला मिति सुनबाइ इत्यादिको मिति | अड्डाले भर्नें |
|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ |
| दर्खास्तवालाको बाबुको नाम र पूरा ठेगाना | विरोध गरिएको मानिसको बाबुको पूरा नाम र ठेगाना | विरोध गर्नाको कारण | विरोधपत्र सँग पेश गरिएका का जोत हक | विरोध कसरी पेश गरेको (आफैले वा वारिसद्वारा अथवा हुलाकद्वारा) वारिस भए उसको नाम |
| | | विरोधका मेरा कारणहरु दिएको हुँ : | सकल या नकलहरू (१) (२) | |

यस विरोधमा लेखिएको सबै बयान मेले थाहा पाएसम्म ठीक छ

विरोधीको सहिछाप
मताधिकारीको नामावलीमा भएको
ठाउँ - सो नामाव-
मिति - - - - - - लीको सिलसिलावार नं. को
को जिल्ला
प्रगन्ना गाउँ - टोल
थुम, दरा, गर्खा

नोटः - यसमा कसैले झुट्टा वेहोरा लेखेमा ऐनबमोजिम सजाय हुनेछ।

—०—

फाराम नं- ५, भाग २

## सूचेना

| दरखास्तवालाले भर्ने | | अड्डाले भर्ने |
|---|---|---|
| दरखास्तवालाको नाम लाई,<br>ऐ को बाबुको नाम ,<br>ऐ को पूरा ठेगाना | जिल्ला प्रगन्ना थुम, दरा, गर्खा गाउँ टोलको मताधिकारीको नामावलीमा दर्ता नं. को सम्बन्धमा ठाउँ बस्नेको को छोरा वा स्वास्नी (नाम) को विरुद्ध तपाईंको विरोधपत्र नं. बारे | तपाईंको विरोधको ठाउँमा बजे सल गतेको दिन सुनवाइहुन्छ र भएको सबूत प्रमाण ली सुनवाइहुने दिन हाजिर हुनुहोला।<br>नामावली दोहराउने अफिसर<br>मिति<br>स्थान |

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१६८

फाराम नं, ९, भाग ३

# सूचना

| दरखास्तवालाले भर्न | | अड्डाले भर्नै |
|---|---|---|
| ---निर्वाचनक्षेत्रको -- जिल्ला प्रग-न्ना थुम, दरा, गर्खा गाउँ टोलको मताधिकारीको नामावलीमा दर्ता नं. को सम्बन्धमा जिल्ला प्रगन्ना थुम, दरा, गर्खा गाउँ टोलको (दरखास्तवालाको नाम) ले गरेको विरोधपत्र नं. विरोधको कारणहरु (छोटकरीमा) यिनै हुन् | प्रतिवादीको नाम ——— ————————लाई<br>ऐ को पूरा ठेगाना | यसमा लेखिएका कारणहरुको आधारमा उक्त सूचनाको निर्वाचनक्षेत्रको मताधिकारीको नामावलीमा तपाईको नाम दर्ता गरिए को विरुद्ध विरोधपत्र दरखास्तवालाले पेश गरेको छ। उक्त विरोधपत्रको ठाउँमा बजे साल गतेको दिन सुनवाइ हुन्छ र सुनवाइ हुने दिन भएको सबूत प्रमाण ली हाजिर हुनुहोला ।<br><br>नामावली दोहराउने अफिसर<br>मिति<br>स्थान |

—— —— ०● —— ——

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग, सिंहदरबार

१६८-B अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।